# गरीबी निवारण र आर्थिक वृद्धि मुख्य एजेण्डा

**अभियान संवाददाता**

मङ्सिर २८, काठमाडौं

सहस्राब्दी विकास लक्ष्य (एमडीजी) पछि तय गर्न लागिएको 'पोष्ट २०१५'को विकास एजेण्डामा गरीबी निवारण, आर्थिक वृद्धि, संस्थागत सुशासन, क्षमता अभिवृद्धि तथा पर्यावरणीय सन्तुलन नेपालको प्रमुख एजेण्डा बनाउन विज्ञहरूले सल्लाह दिएका छन् । नेपालजस्तो अतिकम विकसित मुलुकले विश्वव्यापी एजेण्डाका साथै क्षेत्रीय र राष्ट्रियस्तरबाट पनि यस्ता एजेण्डा तय गर्नुपर्ने उनीहरूले बताएका हुन् । विज्ञान तथा प्रविधिको प्रयोगबाट उत्पादन मूल्य घटाउन सकिने हुनाले यसका पनि केन्द्रित हुनुपर्ने उनीहरूको भनाइ छ ।

साउथ एशिया वाच अन ट्रेड, इकोनोमी एण्ड इन्भायरोन्मेण्ट (सावती)ले आइतवार राजधानीमा आयोजना गरेको 'पोष्ट-२०१५ को विकास एजेण्डा र १८औं सार्क शिखर सम्मेलन नेपालको सन्दर्भ' विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा गोविन्दराज पोखरेलले एमडीजीले तय गर्न नसकेका

## पोष्ट २०१५ छलफल

एजेण्डालाई पनि सँगै लिएर जानुपर्ने बताए । नेपालको दिगो र दीर्घकालीन विकास तथा सन् २०२२ सम्म अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि रू. १८ खर्बदेखि २० खर्ब पूर्वाधार निर्माण क्षेत्रमा खर्च गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा अल्पविकसित तथा भूपरिवेष्ठित विकासोन्मुख मुलुक तथा साना टापु राज्यका लागि राष्ट्रसङ्घीय उच्च प्रतिनिधि एवम् उपमहासचिव ज्ञानचन्द्र आचार्यले नेपालजस्ता सबै देशको एकीकृत र समावेशी एजेण्डा हुनुपर्ने बताए । परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले १८औं सार्क शिखर सम्मेलनले पनि यस्तै विषयवस्तुलाई केन्द्रित गरेको जानकारी दिए । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले एमडीजीको समय पूरा भए पनि लक्ष्य पूरा नभएको बताए । आगामी जनवरीबाट पोष्ट एमडीजीबाट उठेका मुद्दामाथि छलफल गरी सेप्टेम्बरमा अन्तिम दस्तावेज तयार गर्ने कार्यतालिका संयुक्त राष्ट्रसङ्घको छ । सहस्राब्दी विकास लक्ष्य २०१५'मा स्वास्थ्य, शिक्षा, महिला सशक्तीकरण, पोषण, सरसफाइलगायत विषयलाई लक्ष्य बनाइएको थियो ।